विनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दुम्किबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१२/०५
दोस्रो पटक प्रकाशित मिति २०८३/०१/१०
तेस्रो पटक प्रकाशित मिति २०८३/०२/२३

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस बिनयी त्रिबेणी गाउँपालिका आर्थिक ऐन, २०८२ को व्यवस्था तथा गाउँ कार्यपालिकाको मिति २०८२/१२/०१ गतेको निर्णयानुसार तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी बिनयी त्रिबेणी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाण, आ.ब. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी देहाय बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपसिल:**

| सि. नं. | बोलपत्र नं. | बोलपत्रको विवरण | GPS Point | | उत्खनन् परिमाण (घ.मि.) | दररेट प्रदेश सरकारले तोके बमोजिम | न्युनतम बोलपत्र रकम (अग्रिम आयकर र मु.अ कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तल्लो बिन्दु | माथिल्लो बिन्दु | | | | | | |
| १ | 38/BTRM /NBC/Rev /202-083 | पाखापानी रेखी मसान मजुवा सम्मको लेक १ | २७°३९'५२.४७"N ८३°४९'८.१९"E | २७°४०'५.६९"N ८३°४७'४८.७७"E | २५२०० | २४७.२४ | ६२३०४४८.०० | २११२१३ | ३००० | |
| २ | 39/BTRM /NBC/Rev /2082-083 | पाखापानी रेखी मसान मजुवा सम्मको लेक २ | २७°४०'२५.३९"N ८३°४७'३.११"E | २७°४०'४१.६८"N ८३°४६'०.४७"E | २६६४० | २४७.२४ | ६५८६४७३.६० | २२३२८२ | ३००० | |
| ३ | 40/BTRM /NBC/Rev /2082-083 | गंगटे खोलाको बगर लेक | २७°३६'५४.०७"N ८३°५०'४३.५६"E | २७°३६'५४.११"N ८३°४९'२०.३३"E | २४४५३ | २४७.२४ | ६०४५७५९.७२ | २०४९५२ | ३००० | |

**शर्तहरु:**

१. फर्मको हकमा नबिकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.ब. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किबास मा रहेको यस कार्यालय को आन्तरिक राजस्व खाता नं. ००८१५४१३०७८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले २०८३/०२/२६ गते १२:०० बजे सम्म विद्युतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्ययालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लिखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै भोलिपल्ट कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको ठेक्काको धरौटी रकम यस कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किबास मा रहेको धरौटी खाता नं. ००८१५१५३३२६ मा

सुमन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै बिवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको बिवरण, बोलपत्र बिवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८३/०२/२६ गतेका दिन दिनको १२:०० बजे भित्र बिधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपुर्बक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८३/०२/२६ गते १:०० बजे पछी बिभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालय खोलिनेछ।साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ।

५. प्रि-बिड बैठक यो सुचना प्रकाशित मितिले २०८३/०२/२५ गतेका दिन दिनको १:०० बजे बिनयी त्रिबेणी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा बिस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ।उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपलट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी बिस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अबगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।म्याद नाघि रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्विकृत भएमा सोको सुचना पाएको वा सुचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको ५ प्रतिशतले हुने रकम कार्य सम्पादन जमानत पेश गर्नु पर्ने छ अथवा असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) पेश गर्नुपर्ने छ. कार्य सम्पादन जमानत नियमानुसार कार्य गर्न फर्म वा कम्पनिको कार्यालयमा बुझाउनु पर्ने रकम, उत्खनन परिमाण तथा ठेक्काको सम्पूर्ण कार्य सम्पन्न भए पश्चात फिर्ता गरिनेछ अन्यथा जफत गरिनेछ. साथै कबोल अंकको एकमुष्ठ बुझाइ सम्झौता गर्न सक्नेछ अथवा प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम अनिबार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता बापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता बापत ५० प्रतिशतले हुने रकम जेष्ट ३१ भित्र अनिबार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाँउपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४, गाउँपालिकाबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको बाताबरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अबधि पट्टा पत्र पाएको मितिदेखि २०८३ साल जेठ मसान्त सम्म रहनेछ । तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार नै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अबधिमा पनि बिक्री निकासी गर्न सकिनेछ , साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्यामा कुनै पनि किसिमको क्षति पुर्ति दाबी गर्न पाईने छैन ।यकिन भएको परिमाण भन्दा बढी परिमाण बिक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार गाउँपालिकामा बुझाउनु पर्नेछ। (IEE) प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी र निषेध गरेको अबधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन तर बिभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री बिक्री तथा निकासी गर्न सकिनेछ ।

२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समाबेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना उत्खनन र बिक्री बितरण गरिएको यथार्थ परिमाण खुलाइ गाउँपालिकामा बिवरण पेश गर्नु पर्ने छ ।

सुमन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनीले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्री तथा निकासी आय खातामा मु.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्गन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ ।

५. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

६. गाउपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन ।

७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ ।

८. ढुङ्गा, गिटी, बालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन।

९. नदीजन्य पदार्थको उत्खनन बिहान सूर्योदयदेखि बेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सोमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग गाउँपालिकालाई स्वीकार्य हुनेछैन ।

१२. ढुंगा, गिट्टी, बालुवा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१३. नदीजन्य पदार्थलाई घाटगद्धि गाउँपालिकाबाट स्वीकृत लिइ गर्नु पर्नेछ, नदीजन्य पदार्थलाई घाटगद्धि गरेर परिमाण नापजांच गरि मात्र बिक्री वितरण गर्नुपर्ने छ।

१४. ढुंगा,गिट्टी, बालुवा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरिएको ढुङ्गा गिट्टि,बालुवा उत्खनन, संकलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५, विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७, विनयी त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७, ढुङ्गा गिट्टि,बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड,२०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१६. अन्य बिस्तृत जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्न सकिने छ ।

१७. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

सुमन पण्डित
प्रमुख प्रशासकीय अधिकृत